# लोक सेवा आयोग
## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, व्यापार प्रशासन, छैठौं, अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा
२०७८।०९।१७

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषयः सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" — ५० अङ्क

१. नेपाल राष्ट्र बैंकको कार्य स्वायत्तता कस्तो रहेको छ? बैंकको उद्देश्यको आधारमा छोटकरीमा लेख्नुहोस् । ५

२. नेपाल नागरिक उड्डयन प्राधिकरणले लिने भूमिस्थ प्रबन्ध शुल्क भनेको के हो? यो शुल्क लगाउने सम्बन्धमा मुख्य दुई व्यवस्था के छन्? लेख्नुहोस् । २+३=५

३. सरकारले सार्वजनिक गर्ने बजेट तथा नीति कार्यक्रमहरूको प्रभावकारिताबारे आमजनतामा धेरै प्रश्नहरू उठ्ने गरेका छन् । बजेट प्रकृयामा के-कस्ता सुधार गर्दा कार्यान्वयनलाई प्रभावकारी बनाउन सकिएला? विश्लेषणात्मक टिप्पणी गर्नुहोस् । १०

४. सहकारी क्षेत्रले नेपालको आर्थिक विकासमा के-कस्तो योगदान गरेको छ? उल्लेख गर्दै यसलाई थप प्रभावकारी बनाउन के गर्नु पर्दछ? विश्लेष्ण गर्नुहोस् । ५+५=१०

५. द्विपक्षीय हवाई सेवासम्बन्धमा प्रयोग हुने हवाई स्वतन्त्रता (Freedom of the Air) कति किसिमका हुन्छन्? उल्लेख गर्दै नेपाल जस्तो मुलुकले द्विपक्षीय हवाईसेवा सम्फौता गर्दा कुन स्वतन्त्रतालाई उच्च प्राथमिकता दिनु पर्दछ? चर्चा गर्नुहोस् । ५+५=१०

६. सार्वजनिक खरिद ऐन, २०६३ अनुसार निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने सार्वजनिक निकायले खरिद प्रकृयाका सन्दर्भमा के-कस्तो थप व्यवस्था गर्न सक्दछन्? संक्षिप्तरूपमा व्याख्या गर्नुहोस् । १०

### खण्ड "ख". — ५० अङ्क

७. हवाई क्षेत्रको व्यापार सेवा व्यापार हो । सेवा व्यापारमा उपभोक्तावाद (Consumerism) लाई कसरी लागू गर्न सकिन्छ? छोटकरीमा लेख्नुहोस् । ५

८. "विश्वव्यापीकरणबिनाको संसार कल्पना गर्न गाह्रो छ ।" विश्वव्यापीकरणले नेपाल जस्ता देशहरूको गरिबीमा कमी ल्याउने छ भन्ने तर्कमा तपाईं सहमत हुनुहुन्छ? समालोचनात्मक टिप्पणी गर्नुहोस् । ५

९. बजार खण्डीकरण (Segmentation) भनेको के हो? यो किन गरिन्छ? कुनै दुई प्रमुख कारण उल्लेख गर्नुहोस् । ६+४=१०

१०. प्रतिस्पर्धात्मक बजारमा कुनै कम्पनीको वस्तु वा सेवाको मूल्यमा के-के कुराले प्रभाव पार्दछ? छोटकरीमा चर्चा गर्नुहोस् । साथै बाह्य कारणले हुने मूल्य परिवर्तनलाई कम्पनीले कसरी आफ्नो हित अनुकूल सम्बोधन गर्न सक्दछ? छोटकरीमा उल्लेख गर्नुहोस् । ६+४=१०

११. तपाईंलाई नयाँ निर्माण गरिएको गौतम बुद्ध विमानस्थलको बजारहिस्सा बृद्धि गर्न प्रवर्धनप्रचार (Promotion) अभियान संचालन गर्ने जिम्मा दिइएको छ । तपाईंले कस्तो प्रवर्धन अभियान तयार गर्नु हुन्छ? खाका प्रस्तुत गर्नुहोस् । १०

१२. Branding नामाकरण किन गरिन्छ? नेपालमा Branding नामाकरणको प्रकृयागत र कानूनी व्यवस्थाबारे चर्चा गर्नुहोस् । ३+७=१०

:: समाप्त ::